# निश्वार्थी समाजसेवी
# दिलशोभा श्रेष्ठ



जन्म मिति : वि.सं. २०1० असार

# निश्वार्थी समाजसेवी : दिलशोभा श्रेष्ठ



-सुनिता शाक्य

"संसारमा सबै दुःखको श्रोत आफ्नो मात्र सुख चाहनु हो, सबै सुखको श्रोत अरु सबैको सुख चाहनु हो" कति सार्थक छ यो भनाई, यो सार्थकताको ज्वलन्त उदाहरण एक व्यक्तित्व, ममतामयी, सहृदयी, सहनशील, समाजसेवी दिलशोभा श्रेष्ठ हुनुहुन्छ । जवसम्म उहाँले आफ्नो सुखको लागि सोच्नुभयो, दुःखी हुनुभयो । जवदेखि अरु सबैको सुखको लागि सोच्नुभयो सुखी हुनुभयो, सन्तुष्ट हुनुभयो ।

२१ औं शताव्दीको यो समाज, जहाँ दिनहुं नयाँ नयाँ आविष्कारहरु, भौतिक सुख सुविधाका साधनहरु विकास भइरहेकाछन् । साथसाथै बढिरहेको विकृति, स्वार्थीपन, अमानवीयता र एक्लोपनको विरुद्ध आफ्नो कष्टमय जीवनसँग डटेर, लडेर आज दुःखी, गरीव, असहाय महिलाहरु तथा बालबालिकाहरुलाई कुनै सिफारिस विना, नागरिकता विना आफ्नो बासस्थानलाई आश्रयस्थल बनाई २०५४ सालदेखि निस्वार्थ भावले रातदिन तल्लीन सेवामा सपर्पित, आज सबैका 'आमा' बन्नुभएकी दिलशोभा श्रेष्ठको जन्म माता लक्ष्मीमाया गोपाली र पिता हर्षनारायण गोपालीबाट २०१० साल असार २८ गते काठमाडौ थानकोटको इमानखेलमा भएको हो । उहाँको माता पिताको बाह्रजना सन्तान भएता पनि उहाँ माथीका ४ दाजुहरु र २ दिदीहरु वित्नु भएकोले उहाँ नै जेठी हुनुको नाताले सबै जिम्मेवारी आइपर्‍यो । आफूभन्दा मुनीका ३ बहिनीहरु र २ भाइहरुको हेरचाह गर्नु, आमालाई काममा सघाउनु, बुवालाई खेतीपातीमा सघाउनु आदि कामहरु गर्नु पर्दथ्यो । उच्च मध्यम बर्गीय किसान परिवारमा जन्मनु भएकी उहाँको बाल्यकाल खान लाउहाँको सुख बाहेक खासै सुखद भने थिएन । उहाँले थानकोटकै मंगलोदय माध्यामिक विद्यालयमा ५ कक्षासम्म मात्रै पढ्न पाउनुभयो ।

उहाँको पिता हर्ष नारायण आफ्नो टोल छिमेकमा केही समस्या पर्नासाथ सेवा गर्न तत्पर व्यक्ति भएकाले पितासँगै उहाँ पनि सहयोग गर्न, कसैको घरमा चुल्हो बलेन भने के कसो हो बुझी खाना पुर्‍याउन जानु

हुन्थ्यो । पिताबाट नै उहाँले सबैलाई प्रेम गर्नुपर्छ, सेवा गर्नुपर्छ भन्ने कुरा केटाकेटी उमेरमै सिक्नुभएको हो ।

२०२८ सालमा काठमाडौं ढोकाटोल निवासी पुष्करलाल श्रेष्ठसँग उहाँको प्रेम विवाह भयो । काठमाडौंको थापाथलीस्थित एउटा पाटीमा उहाँहरु बस्न थाल्नुभयो । बाल्यकाल सुखद थिएन नै विवाहित जीवन पनि उहाँको सुखद भएन । विवाह पछि मात्र उहाँले थाहा पाउनुभयो, श्रीमानको आफ्नो कुनै बासस्थान नभएको, आफ्नै कुनै काम व्यवसाय नभएको, एउटा फटाहा मान्छेको फन्दामा परेको, तर आइसकेपछि फर्केर माइती जान सम्भव थिएन । दुःख सहेर उहाँ श्रीमान सासु सहित त्यही पाटीमा बस्नुभयो । श्रीमानको खासै कुनै काम नभएकोले खाने चीज पनि केही हुदैनथ्यो । गर्भवती हुनुभएकोले लट्टेको सागको खोले खान उहाँलाई गाह्रो भयो । सासु र श्रीमानलाई थाहा नदिइ सँगैको घरमा पानी भरिदिने, भाडा माझिदिएर एक छाक खाना खान पाउनुभयो । ०२९ सालमा उहाँले एक मृत छोरालाई जन्म दिनुभयो । पीडा त थियो नै एक पीडा अर्को थपियो ।

सुत्केरी स्याहार्न माइती गएपछि उहाँले अब घर नफर्कने सोच्नुभएको रहेछ । तर श्रीमान दिनदिनै माइतीमा आइ दुःख दिन थालेपछि फेरि श्रीमानसँगै डेरामा आइ बस्नुभयो । श्रीमानले ट्याक्सी चलाउन थाल्नु भएकोले केही सजिलो भयो । ०३० सालमा उहाँले छोरी सवनमलाई जन्म दिनुभयो । छोरीको जन्म पछि पैसा केही जम्मा भएकोले छोरीको न्वारन, पास्नी राम्ररी गर्नुभयो । त्यसपछिका दिनहरु संघर्षमै बिते तापनि खान लाउहाँको दुःख कम भयो । आफ्नै अभ्यासमा सिलाई सिकी पेटिकोट सिलाई गर्दै सिलाई मेसिन किनेर अरुलाई पनि सिलाई सिकाउँदै ५/६ वर्ष सिलाईको काम गर्नुभयो । छोरीको लागि स्वेटर बुन्न नन्दसँग सिकाइमाग्दा नसिकाउनु भएपछि बुनाई मेसिन भएको एकजना दिदीको घरको काम गर्न बसी बुनाई पनि सिक्नु भयो । बुनाई मेसिन पनि खरिद गर्नुभयो । पछि उहाँले नन्दलाई पनि बुनाई सिकाइदिनु भयो । धेरै मेहनत गरेर पैसा जम्मा गरी रविभवनमा जग्गा पनि किन्नुभयो । रु. ५,०००/- नपुग भएको उहाँको मावली हजुरआमाले थपि दिनुभयो । घर बनाउन माइतीबाट पनि सहयोग भयो ।

०४८ सालमा छोरो नपाएको भन्दै श्रीमानले उहाँलाई छोड्नुभयो । मेलम्ची सरुवा भइ जाने भनेर सबै सामानहरु लिइ उनी अर्को श्रीमती लिइ बस्न थाले । जिन्दगी त्यसै पनि कष्टमय थियो नैं, त्यसमाथी यो बज्रपात भयो । छोरी सवनम भर्खर १८ मा टेकेकी, आफू ३८ वर्षको दुबै आमा छोरी धेरै दुःखी भइ विष सेवन गरी मर्ने विचार गर्नुभयो । मेटासिड नामक विष अगाडि राखेर साँझ ५ बजे आमा छोरी दुवै प्रार्थना गर्न बस्नुभयो । राती ८ बजे एक्कासी छोरी सवनमले आमा अव हामी नमर्ने बरु काम गर्ने, अरु दुःखीलाई सहयोग गर्ने भनेपछि सो विष फाली दुबै आमा छोरी धेरैबेर रुनुभयो ।

त्यसपछि उहाँहरुले आफ्नै घरमा सानो उद्योग खोल्नुभयो । *स्वाद* नाम दिएर मसला दालमोठ, आलुचिप्स र बुनाईको समेत काम गर्नुभयो । विशेष श्रीमानले धोखा दिएका महिलाहरु लाई काममा लगाउनु भयो । सो उद्योग धेरै राम्रोसँग चल्न थाल्यो । ०५२ सालमा छोरी सवनमको धुमधामसँग विवाह पनि गरि दिनुभयो । छोरीको बिदाई सहन नसकी उहाँ अचेत हुनुभयो । भर्खर अन्माएकी छोरी फर्केर आई आमालाई सम्झाई बुझाइ गरेर जानुभयो । सम्पति त प्रशस्तै थियो तर मनमा शान्ति थिएन, खुशी थिएन । श्रीमानले दिएको चोट र छोरीको विछोडले दुःखी उहाँलाई एकजना साथी प्रतिभा सुवेदीले त्रिपुरेश्वर स्थित ४ छोरा भएका सम्पन्न परिवारको एकजना निरीह, असहाय, असक्त आमाकोमा लिएर जानुभयो । त्यहाँ आमाको दुर्दसा देखेर साह्रै विव्हल हुनुभयो । उहाँ आमाको कोठामा कोही नपस्ने, बर्षौंदेखि ननुहाएको शरीर, फोहर ,दुर्गन्धित र बेहाल थियो । छोराहरुबाट पालैपालो खाना ल्याउने रहेछन् । खाना ल्याउने केटाहरुले ढोकैबाट खाना हुर्याइदिदा रहेछन् । यो स्थिति देखेर आफ्नो छोरो नभएकोमा दुःख मानेको व्यर्थ जस्तो लाग्यो । ०५२-०५४ सम्म २ वर्ष लगातार आमालाई स्याहार सुसार गरेपछि आमा हिडडुल गर्न सक्षम हुनुभयो । २ वर्ष रवि भवनदेखि त्रिपुरेश्वरसम्म जाँदा बाटोमा ५ जना आमाहरु पुल नजिक मागेर बसिरहनु भएको सधैं देख्नुहुन्थ्यो । उहाँले आमाहरुलाई केही न केही खाने कुरा दिएर जानुहुन्थ्यो । आमाहरुसँग नै सोधी आफ्नो जन्मदिनमा अण्डा र आफ्नो बुवाको तिथिमा मःम बनाई पनि आमाहरुलाई खुवाउनु हुन्थ्यो ।

घाम, पानी, हुरी बतास जे भए पनि आमाहरु त्यही ठाउँमा देखेपछि आफ्नो घरमा लगेर हेरचाह गर्ने विचार आयो र एक /एक महिनाको फरकमा पाँचैजना आमाहरुलाई घरमा ल्याई सेवा गर्न थाल्नुभयो । जता गए पनि असहाय, दु:खी गरिव महिलाहरुलाई देखेपछि भाडामा दिएका कोठाहरु खाली गर्दै ०५४ सालदेखि उहाँले आफ्नो घरलाई आश्रयस्थल बनाउनु भयो । हालसम्म निरन्तर असहाय आमाहरु, बलात्कृत महिलाहरु, वीर हस्पिटलको शव गृहमा मृत भनेकी महिला जिउदै रहेकोलाई ल्याएर जे छ मीठो नमिठो खान दिई सेवा गर्दै आउनु भएको छ ।

एक्ली महिलाले यी सबै काम गर्न कम कठिन थिएन । कोही मृत्यु हुदा आफू र छोरी भइ आर्यघाट पुऱ्याएर दाह सस्कार गर्नु, विरामी हुदा अस्पतालमा उपचार को लागि लग्नु, अशक्त आमाहरुलाई निरन्तर उहाँले सेवा गर्दै आउनु भएको छ । अवरोधहरु कति आए, कतिले नचाहिदो कुरा काटे, आर्थिक समस्या कति भयो तापनि कहिल्यै हार मान्नु भएन । शुरुका दिनमा प्रचार-प्रसार केही थिएन । हाल प्रचार-प्रसार हुन थालेकोले सहयोगी हातहरु पनि बढ्दै छन् । एन.आर.एन.नर्वे (NRN Norvey) बाट दुईजना सहयोगी महिलाहरु व्यवस्था गरेको छ । "आमाको घर"को प्रचार प्रसार गरिदिनु भएकोमा टेलिभिजन, पत्र-पत्रिका सबैलाई धन्यवाद भन्नुहुन्छ । सहयोगी सबैलाई पनि धन्यवाद भन्नुहुन्छ । एक आम महिलाबाट खास महिला बन्नुभएको उहाँ दिलशोभा श्रेष्ठ राग द्वेष त्यागी आफ्नो श्रीमानलाई पनि धन्यवाद भन्नुहुन्छ । श्रीमानसँगको विछोडले नै उहाँ यति धेरै आमाहरु र बालबालिकाहरुका 'आमा' बन्नु भएको छ । आज उहाँ सन्तुष्ट हुनुहुन्छ, खुशी हुनुहुन्छ ।

घर-घरमा परिवार वीचको तिक्तता, पुस्ता रिक्तता (Generation Gap) बढिरहेको बेलामा "आमाको घर" मा हजुरआमाहरु र नाती नातिनीहरुको वीचको प्रेम देख्न पाउनु हुनेछ । हाल "आमाको घर" मा हुम्ला, जुम्ला, मुगु, कालीकोट, नुवाकोट, बाग्लुङ, रामेछाप काभ्रेका दुखी गरिव ३८ जना बालबालिकाहरु र ३७ जना आमाहरु (जम्मा ४ जना आमाहरु आँखा देख्न नसक्ने) हुनुहुन्छ ।

उहाँको सेवा भावको कदर गर्दै पहिलो पल्ट ८ मार्च ००६ मा युनाइटेड नेशन विमिन्स् अर्गनाइजेशन अफ नेपाल (United Nation Women's Organization of Nepal) ले उहाँलाई सम्मान गऱ्यो । ०६३ सालमा महिला बाल विकास तथा समाज कल्याण मन्त्रालय, ०६७ सालमा मोतीदेवी स्मृति केन्द्र, ०६७ मा नेपाल राष्ट्रिय मारवाडी परिषद, ०६८ सालमा सशस्त्र प्रहरी परिवार महिला संघ, काठमाडौं जेसिस, क्लिन इनर्जी डेभलपमेन्ट बैंक, र ोटरी क्लव, थापाथली जनकल्याण परिवार, नेवा राष्ट्रिय मूक्ति मोर्चा, कोइराला सेवा समाज, मैनाली समाज सेवा संस्था, नेपाल साँस्कृतिक संघ, नेपाल बृद्ध बृद्धा संरक्षण प्रतिष्ठान आदि बाट हालसम्म काठमाडौं तथा बाहिर भैरहवा, पोखरा, विराटनगरमा सम्मानित भइसक्नु भएको छ । देश बाहिर जापान र भार तमा पनि बृद्धाश्रम अवलोकन भ्रमण र तालिममा उत्कृष्ट अङ्क ल्याई सम्मान, कदर पत्र पाउनु भएको छ । आफू पुरस्कृत हुनुभन्दा वृद्ध वृद्धाको सेवामा सबैले सहयोग पुऱ्याउन भन्ने भावना नै उहाँमा प्रवल छ ।

अहिले पनि दिलशोभाका आर्थिक सङ्कट र कठिन दिनहरु अझै पनि वितिसकेका छैनन् । मुद्धा मामिला पनि खेप्नु नै परेको छ । ०५५ सालमा श्रीमान र दोस्रो श्रीमतीले अंश मुद्धा हाले । अधिवक्ता गीता सङ्ग्रौलाको सहयोगले मुद्धा जित्नुभयो र ७ वर्षपछि दोस्रो विवाह गरेकोमा श्रीमान श्रीमती दुबैलाई सजायँ पनि भयो ।

रवि भवनस्थित "आमाको घर" लिलामीमा परेकोमा लिलामी नगर्ने, पूरा पैसा तिरेपछि घर फुकुवा गर्ने भनी बैंकबाट निर्णय भएको छ ।

धेरै नै कठिनाईहरु, आर्थिक सङ्कट सबै सहनशील भइ सहदै निरन्तर यात्रामा हिडिरहनु भएको दिलशोभा श्रेष्ठको अव एउटै लक्ष्य छ, कोही पनि बाटोमा मागेर नबसुन् । सबैलाई गाँस, बास, कपास र प्रेम मिलोस यही आव्हान उहाँ सबैलाई गर्न चाहनु हुन्छ । सहयोगी हातहरु निरन्तर बढाउनुहोला भन्न चाहनु हुन्छ । देशमा गणतन्त्र आएको छ, सरकारले गरिवहरुलाई हेर्नुपर्छ ।

दिलशोभा श्रेष्ठको छोरी सवनमले विदेशमै बसेर भए पनि आमालाई नियमित सहयोग गर्दै आउनु भएको छ । म र मेरो भन्दा माथी उठेर दिलशोभा श्रेष्ठले सबैको लागि जे गर्दै हुनुहन्छ, त्यसमा थोरै मात्र पनि हामीले सहयोग गर्ने हो भने कुनै असल काम गरेकोमा सन्तुष्टी हुनेछ ।